## Inauguration of the Court of Civil Judge-cum-Judicial Magistrate, Rongli Sub-Division, East Sikkim on Monday, June 18, 2018.

सम्माननीय मुख्य मन्त्रीजी श्री पवन चामिलङ, माननीय विधि एंव न्याय मन्त्री श्री सुब्बा, मेरो प्रिय बहिनी न्यायमूर्ति श्रीमती मीनाक्षी मदन राई, मेरो प्रिय भाई श्री भाषकर राज प्रधान, श्रीमती प्रधान, मेरो प्रिय मित्र न्यायमूर्ति श्री ए. पी. सुब्बा, श्रीमती सुब्बा, न्याय मुर्ति श्री वाङदी, Member (Judicial) National Green Tribunal, श्रीमती वाङदी, जिल्ला न्यायधीश, क्षेत्र विधायक श्री विक्रम प्रधान, राजिस्ट्रर जनरल, राजिस्ट्रर, सबै न्यायिक अधिकारीगण, अन्य सबै अधिवक्तागण।

यहाँ रंगली, पूर्व सिक्किममा अर्को न्यायलय भवनको उदघाटन् संगै आज फेरी सिक्किमको न्यायतन्त्रको इतिहासमा सुनौलो अक्षरले अंकित भयो। रंगली त्यसै पनि एउटा इतिहास बोकेको ठाउँ हो। हालै मलाई ज्ञात भयो कि रंगली एउटा पुरानो मार्ग रहेछ, यहाँ ह्युनसंग दुई दिन वास बसेका थिएछन्।

हामी आभारी छौं , मुख्य मन्त्रीज्यूको जसले, यहाँ न्यायलयको विस्तारमा हाम्रो धेरै साथ दिनु भयो।

न्यायलयलाई **"न्यायको मन्दिर"** पनि भनेर भनिन्छ कारण अरू सदगुणहरू मध्ये न्यायविधि दुवै शाषक र शाषितको अधिन छन्। यो दुवै पक्षको लागी महत्वपूर्ण छ।

सर्वोच्च न्यायलयले पटक-पटक न्यायलयको विस्तारलाई जोड़ दिदैं आई रहेको छ। हालैमा अनिता खुसवाह बनाम पुष्प सुदन (२०१६) ८ SCC 509) मा सर्वोच्च न्यायलयले देशमा न्यायलयको विषेशतालाई विशेष जोड़ दिएका थिए। न्यायलयद्वारानै भारतका जन-साधारणलाई संविधानले दिएको मौलिक अधिकारको जगेरा हुन्छ भनि सर्वोच्च न्यायलयले आफ्नो मन्तव्यलाई प्रष्ट पारदै आएको छ।

न्याय प्रणाली को प्रमुख कार्य समयमै न्यायको गुणवता सँग कुनै सम्झौता न गरी न्याय पुरयाउनु रहन्छ। न्यायपालिकाको काँधमा सामाजिक, आर्थिक र राजनैतिक न्याय प्रदान गर्ने ठूलो जिम्मेवारी छ भनेर संविधानको प्रस्तावना अर्थात् Preamble ले भन्छ।

- यो कुरामा कुनै दुई मत छैन।
- न्यायलय भवनहरू छ भन्दैमा चाहिं न्यायको जगेरा हुन्छ भनेर सुनिश्चित हुँदैन।

- न्यायलयको प्रमुख कर्तव्य **"कानुनको नियम"** अर्थात् **"न्यायको चक्र"** स्थापित गर्नु हो।
- यो कार्यमा कानुनका विद्य अनि न्याय प्रभारीहरू काँधमा काँध मिलाएर हिड्नु जरूरी छ। जबसम्म न्यायका विद्यहरू हुँदैनन् तब सम्म न्यायका प्रभारीहरूले उल्लेखनीय फैसला दिन सक्दैन। यदि न्यायलय न्यायको मंदिर हो भने वकिलहरू त्यस मंदिरका खम्बाहरू हुन्।
- न्यायलयले समाजलाई रूख जस्तो न्यायको छाँया प्रदान गर्नु पर्छ। न्याय छिटो, असल र कम खर्चमा होस्।
- यो लक्ष्यलाई पूर्ण तुल्याउन वकिलका संगठन (Bar) र न्यायकि अफर्ससहरू हरदम अध्यनरत रहनु जरूरी छ।
- यहाँ सबै न्याय प्रति गिहरो आशा र चासो राख्नु हुने महानुभावहरू प्रति म मेरो सुभेक्षा चढ़ाउँदछु।
- यो अत्यन्त खुशीको कुरा हो कि तत्काल आजबाट नै सबै केसहरू यहाँ यस न्यायलयमा ट्रान्सफर गिरएको छ। यसो हुनाले यहाँका स्थानयीहरू अब उसो न्यायको लागी गान्तोक जानु परने छैन।
- म प्रार्थना गर्द छु कि आउने समयमा सत्यको जित यस न्यायको मंन्दिरबाट सुदृढ़ हुँदै जाओस् । मान्छे मान्छे बिचको क्लेशलाई कुनै पक्षपात बिनै सुल्झाइयोस र मानवताको गरीमा सँधै बनि रहोस्। संविधानले दिएको जिम्मेवारी लाई यो न्यायलयले पूर्ण रूपले साक्षार गर्नेछ भन्ने मलाई पूरा विश्वास छ।
- यति भन्दै म मेरो मन्तव्य यँहि राख्दछु।